# महाशिला गाँउपालिका

# स्थानीय राजपत्र

## खण्ड २, संख्या ९, चैत्र २ गते, २०७६ साल

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउसभाले देहायको ऐन जारी गरेको छ ।

# भाग १

## महाशिला विकास स्वयंसेवक परिचालन ऐन, २०७६

**प्रस्तावनाः**

महाशिला गाउँपालिकाले एक घर, एक रोजगारको नीति पारित गरेको छ । यही नीति वमोजिम महाशिलागाउँपालिका भित्र १८ वर्षदेखि ५५ वर्ष भित्रका व्यक्तिहरुका लागि महाशिला विकास स्वयंसेवक कार्यक्रमको माध्यमबाटज्ञान, सीप, दक्षता बृद्धि गरी स्वरोजगार बनाइ गाउँपालिकाले एक घर, एक रोजगारको कार्यक्रम सञ्चालन गर्ने नीति गाउँपालिकाले पारित गरेको छ । यस स्वयंसेवक कार्यक्रममा आवद्ध हुने महाशिलाबासी छनोट भएका व्यक्तिहरुलाइ कामको जिम्मेवारी प्रदान गरी मानव संशाधनको विकास गर्नका लागि स्वयंसेवक परिचालन गर्न वाञ्छनीय भएकोले "**महाशिला विकास स्वयंसेवक परिचालन ऐन, २०७६**" बनाइएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१ .संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " **महाशिला विकास स्वयंसेवक परिचालन ऐन, २०७६**" रहेको छ ।

)२ (यो ऐन महाशिला गाउँपालिका, गाउँ सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२ .परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-:

)३" (ऐन'' भन्नाले महाशिला विकास स्वयंसेवक परिचालन ऐन, २०७६ सम्झनु पर्छ ।

)४" (स्वयंसेवा" भन्नाले परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यावसायिक / संगठित रुपले सञ्चालन हुने वा भैरहेका सवयंसेवी कृयाकलापहरुलाई सम्झनु पर्छ ।

)५" (स्वयंसेवक "भन्नाले स्वस्फूर्त रुपमा सुविधा लिई वा नलिई सवयंसेवी कृयाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउँछ । कुनैपनि किसिमका कर्मचारीको रुपमा नियुक्त नरहने र पछि कुनै किसिमको दावी नगर्ने स्वयंसेवी भावना भएका कार्य गर्ने जिम्मेवारी तोकिएका व्यक्तिलाइ जनाउँछ । साथै ,यस शब्दले यस कार्यविधि बमोजिम परिचालन गरिने स्वयंसेवकलाई समेत जनाउँछ ।

)६" (गाउँ सभा'' भन्नाले महाशिला गाउँपालिकाको सभालाई जनाउँछ ।

)७" (शैक्षिक संस्था "भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान दिने तथा नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने सार्वजनिक तथा सामुदायिक विद्यालयहरुलाई जनाउँछ ।

८" (प्राविधिक सहयोग "भन्नाले गाउँपालिकाद्वारा सवयंसेवक परिचालन मार्फत विभिन्न निकायहरुबाट सम्पादन गरिने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यबाट खटाइएका मानव संशाधनलाई जनाउँछ ।

## परिच्छेद – २

## स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

**३ .स्वयंसेवक परिचालनका उद्देश्य तथा आधारहरुः**

)१ (युवा तथा बेरोजगार ब्यक्तिहरुलाइ तालिम प्रदान गर्दै बिदेशिने प्रबृत्तीलाइ निरुत्साहित गर्ने, महिला तथा पुरुषलाइ गतिशिलता, स्वास्थ्य, आत्म अनुशासन, र स्वयंसेवी बनाउने,

)२(महाशिला विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा दक्ष वा आधारभूत तालिम प्राप्त व्यक्तिहरुलाई अल्पसमयको रोजगारी दिने ,सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिवी न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र समुदाय स्तरबाटै सवयंसेवी भावनाको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ।

)३ (महाशिला विकास स्वयंसेवक सेवा अन्तर्गत देहाय बमोजिमका विषयक्षेत्रहरुसँग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरिने छ-:

)क (स्वास्थ्य ,सामुदायिक शिक्षा ,बाल / ज्येष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा

)ख (कृषि सेवा ,पशु सेवा ,वन र जडिबुटी

)ग (वातावरण संरक्षण ,प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन

)घ (उद्यमशिलताको विकास ,

)ङ (आवधिक ,विषयगत तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन

)च (पूर्बाधार निर्माण सम्बन्धीका कार्यहरु

)छ(गाउँपालिकाले तोकेका अन्य क्षेत्रहरु

)४(महाशिला विकास स्वयंसेवक सेवाबाट स्वयंसेवक परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमुख आधारको रुपमा लिइनेछः

)क (महाशिलाको प्रशासनिक संगठनबाट आवश्यक मात्रामा जनतालाई अप्राविधिक वा प्राविधिक सेवा पुऱ्याउन नसकिएका क्षेत्रहरुमा सहजीकरण गर्ने,

)ख (महाशिलावासीहरुको जीवनस्तर उकास्नका लागि सरकारी स्तरबाट समेत लगानी भई वा नभई उत्पादन क्षेत्रमा कार्यरत सहकारी ,संघ-संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने,

)ग (महाशिला वा समुदायद्वारा सामाजिक हितको लागि संचालित सामुदायिक सेवा कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने,

)घ (समावेशी सिद्धान्त अवलम्बन गर्ने

(५) स्वयंसेवक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहाय बमोजिम रहनेछनः

)क (गाउँपालिकाको कार्यालय ,विषयगत शाखा / उपशाखाहरु तथा वडा कार्यालयहरु

)ख (सहकारी तथा सामुदायिक संघसंस्थाहरु

)ग (शैक्षिक निकायहरु

)घ (गाउँपालिकाले तोकेको अन्य निकायहरु

(६) स्वयंसेवकपरिचालनगर्नेनिकायहरुलेदेहायबमोजिमकोजिम्मेवारीबहनगर्नुपर्नेछ:

)क (आधारभूत तालिम प्राप्त गरी आफूले रुची राखेका वा गाउँपालिकाले खटाएका बिषयमा बिषयगत तालिम प्राप्त गरेका आचार संहिता पालना गर्ने स्वयंसेवकहरुलाइजिम्मेवारीका साथ परिचय प्रदान गरी काममा लगाउने

)ख (स्वयंसेवकहरुको कार्य सम्पादनको मूल्याङ्कन र सुपरिवेक्षण गर्ने

)ग (स्वयंसेवकहरुले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरु बैंक खाता मार्फत उपलब्ध गराउने

)घ (खटिने स्वयंसेवकहरुलाई वृत्ति विकास ,क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीय स्तरमा उपलब्ध अवसरहरुमा स्वयंसेवकहरुलाइ प्राथमिकता दिने ।

## परिच्छेद –३
## स्वयंसेवकपरिचालन सम्बन्धी व्यवस्था

४ .**स्वयंसेवक छनौटका आधारहरु)**: १(स्वयंसेवकको छनौट गर्दा देहाय बमोजिमका प्रक्रियाहरु अपनाइने छन

)क (न्यूनतम योग्यता :सामान्य लेखपढ गर्न जान्ने,

)ख (नेपाली नागरिक भएको,

)ग (अठार वर्षदेखि पचपन्न वर्ष ननाघेकोहुनुपर्ने,

)घ (स्वयंसेवी भावना भएका,

)ङ( गाउँपालिकाले आवेदन मागेको बखत रु १०००। दस्तुर बुझाइ गाँउपालिकाले सञ्चालन गर्ने आधारभूत तालिम लिन योग्य ।

)२ (स्वयंसेवक छनौट तथा परिचालनःमहाशिला विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकहरुको छनौट देहाय बमोजिमका आधारहरुमा गरिनेछ-ः

)क (महाशिला विकास स्वयंसेवक सेवामा प्राप्त आवेदकहरुको रुची र गाउँपालिकाले उपलब्ध गराउने सेवाको आधारमा ।

)ख (स्वयंसेवक नियुक्तिका लागि आवेदन गर्ने व्यक्तिहरुका लागि संचालन गरिने लिखित तथा मौखिक परिक्षा वा अन्तरवार्ताको योग्यताक्रमका आधारमा ।

)३( आवश्यकतानुसारस्वयंसेवक छनौट तथा परिचालन गर्दै लैजान सकिनेछ ।छनोट भएका स्वयंसेवकहरुलाइ गाउँपालिकाले एक आपसमा नदोहोरिने गरी वडा नं नेपाली नामको बर्णानुक्रम र क्रमसंख्याका आधारमा एक अलगै कोड नं कायम गर्न सक्नेछ ।

**५.महाशिला विकास स्वयंसेवक व्यवस्थापन समिति** ःमहाशिला विकासस्वयंसेवक व्ययवस्थापनका लागि तपसिल वमोजिमको व्यवस्थापन समित गठन हुनेछ ः–

| | |
|---|---|
| (क)गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति | संयोजक |
| (ख)गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति | सह संयोजक |
| (ग)सम्पूर्ण वडाका वडाध्यक्षहरु | सदस्य |
| (घ)प्रमुख प्रशासकीय अधिकृत– | सदस्य |
| (ङ)महाशिला विकास स्वयंसेवक कार्यक्रम हेर्ने शाखा प्रमुख- | सदस्य सचिव |
| (च) महाशिला गाउँपालिका अध्यक्ष | प्रमुख संरक्षक |
| (छ) महाशिला गाउँपालिका उपाध्यक्ष | संरक्षक |

**६. महाशिला विकास स्वयंसेवक व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**:महाशिला विकास स्वयंसेवकव्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन :-

स्वयंसेवक परिचालन गर्ने कार्यक्षेत्र तथा विषयक्षेत्रको यकिन गर्ने (क),

प्रत्येक सवयंसेवकको हरेक आर्थिक वर्षको कार्य सम्पादन (ख) मूल्यांकनका आधारमा म्याद थप गर्ने या नगर्ने निर्णय गर्ने,

)ग (दरखास्त फारमका ढाँचा तयार गर्न लगाइ छपाइ गर्ने गराउने,

)घ,स्वयंसेवकको काम कारवाहीका सम्बन्धमा आवश्यक निर्देशन दिने(

विवादितविषयहरुको समाधानगर्ने(ङ),

)च (स्वयंसेवकको रिक्त रहेको स्थान वा आवश्यकता अनुसार पदपूर्ती गर्नका लागि निर्देशन दिने,

)छ (स्वयंसेवकका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

)ज (प्रत्येक सवयंसेवकको हरेक आर्थिक वर्षको कार्य सम्पादन मूल्यांकन तयार गर्ने व्यवस्था मिलाउने,

स्वयंसेवकको लगत राख्नका लागि सम्बन्धित शाखाको व्यवस्था (झ) मिलाइ लगत राख्न लगाउने,

)ञ (स्वयंसेवकहरुका लागि प्रदान गरिने निर्वाह भत्ताको व्यवस्था मिलाइ कार्यपालिका मार्फत उपलब्ध गराउने,

)ट (सबै वडामा महाशिला विकास स्वयंसेवक कार्यक्रमलाइ व्यवस्थित पूर्वक सञ्चालन गर्ने,

)ठमहाशिला विकास स्वयंसेवक कार्यक्रम सञ्चालनका लागि वडामा ( उपलब्ध गराइएका सामाग्रीहरुको संरक्षण गर्ने व्यवस्था मिलाउने,

)ड (यस समितिले यथाशक्य सर्वसम्मत निर्णय गर्नेछ, कुनै विषयमा बिवाद उत्पन्न भएमा बहुमतको आधारमा निर्णय गरिनेछ ।

)ढ(समितिको बैठक सामान्यत मासिक वा आवश्यकता अनुसार बस्नेछ।

)ण (व्यवस्थापन समितिको बैठकसम्बन्धी मापदण्ड समितिआफैले निर्धारण गरे बमोजिम हुनेछ ।

)त (योग्य दरखास्त फारामहरुको अनुसूची बमोजिम मूल्याङ्कन गर्ने १ – व्यवस्था मिलाउने,

)थ (छनौट भएको योग्य उम्मेदवारसँग अनुसूची बमोजिमको ढाँचामा २– सम्झौता गरी अनुसूची– ३ कोढाँचा बमोजिम कार्य जिम्मेवारी पत्रदिने व्यवस्था मिलाउने

)द (स्वयंसेवकको लगत राख्ने व्यवस्था मिलाउने

)द( अन्य आवश्यक कार्य गर्ने।

**७.वडास्तरीय स्वयंसेवकपरिचालन तथा व्यवस्थापन समिति** :महाशिला विकासस्वयंसेवकहरुलाइ वडामापरिचालन तथा व्ययवस्थापन गर्नका लागि तपसिल वमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :–

| | |
|---|---|
| (क)वडाध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु | सदस्य |
| (ग) वडा सचिव | सदस्य सचिव |

**८. वडा स्तरीयस्वयंसेवक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**:वडास्तरीयस्वयंसेवकपरिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन :-

स्वयंसेवक परिचालन (क)तथा व्यावस्थापन गर्ने,

स (ख)्वयंसेवकको नियमित अनुगमन तथा मूल्यांकनको व्यवस्था गर्ने,

)ग(स्वयंसेवककोकामकारवाहीकासम्बन्धमाआवश्यकनिर्देशनदिने तथा सहयोग गर्ने,

)घविवादितविषयहरुको समाधानगर्ने ( र हुन नसकेमा स्वयंसेवक व्यवस्थापन समिति वा गाउँकार्यपालिका समक्ष पेश गर्ने,

(ङ) थप स्वयंसेवकको आवश्यकता परेमा बिवरण सहित माग गर्ने,

)चस्वयंसेवकको लगत राख्न (े व्यवस्था मिलाउने, दैनिक गरिएका कार्यकोअभिलेख राख्नेराख्न लगाउने,

)छ (स्वयंसेवकहरुका लागि प्रदान गरिने निर्वाह भत्ताको माग गरी तोकिए वमोजिम उपलब्ध गराउने,

)ज(आफ्नो वडामा महाशिला विकास स्वयंसेवक कार्यक्रमको व्यवस्थित पूर्वक सञ्चालन गर्ने,

महाशिला विकास स्वयंसेवक कार्यक्रम सञ्चालनका लागि वडामा (झ) प्राप्त भएका सामाग्रीहरुको लगत राख्ने तथा संरक्षण गर्ने व्यवस्था मिलाउने,

)ञ (यससमितिको बैठक सामान्यत मासिक वा आवश्यकता अनुसार बस्नेछ।

)ट(व्यवस्थापन समितिको बैठकसम्बन्धी मापदण्ड समितिआफैले निर्धारण गरे बमोजिम हुनेछ ।

) ठ (अन्य आवश्यक कार्य गर्ने।

**९.महाशिला विकास स्वयंसेवक छनौट समिति :**

)१ (स्वयंसेवकको छनौटको लागि तपसिल वमोजिमको ३ सदस्यीय छनोट समिति समिति हुनेछ :–

)क(प्रमुख प्रशासकीय अधिकृत — संयोजक

)ख(स्वयंसेवक परिचालन सम्बन्धी प्राविधिक ज्ञान भएको कर्मचारी — सदस्य

)ग(स्वयंसेवक परिचालन शाखा हेर्ने शाखा प्रमुख — सदस्य सचिव

**१०. महाशिला विकास स्वयंसेवक छनौट समितिको काम कर्तव्य र अधिकार:**

)क(महाशिला विकास स्वयंसेवक व्यवस्थापन समितिको निर्णय अनुसार आवश्यक स्वयंसेवकहरुको छनोट गर्ने

)ख( छनोट भएका स्वयंसेवकहरुलाइ व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने

)ग( छनोट भएका स्वयंसेवकहरुलाइ पहिलो चरणको तालिम प्रदान गरी दोश्रो चरणको व्यवसायिक तालिम सञ्चालन गर्नुपूर्व निजको बैयक्तिक बिवरण सहित निजले गर्ने निजी व्यवसाय र गाउँपालिकाबाट उपलब्ध गराउने वा गर्न लगाउने विभिन्न बिधा मध्ये

रोज्ञ लगाइअन्तरवार्ताको माध्यमबाट तथ्यांक संकलन गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने
)घ( स्वयंसेवक छनोट गर्ने कार्यविधि समिति आँफैले तय गर्नेछ ।

११ .**स्वयंसेवक छनौट विधि**: स्वयंसेवक छनौट गर्नका लागि देहाय बमोजिमका छनौट विधि अवलम्बन गरिनेछ

)क (प्रारम्भिक छनौट गर्ने,

)ख (प्रयोगात्मक अन्तर्वाता लिने र प्राप्त गरेको अंकका आधारमा नतीजा प्रकाशन गर्ने,

१२ .सफल उम्मेदवार वा स्वयंसेवकले कार्य जिम्मेवारी लिएको तीन महिना नपुग्दै स्वंयमसेवकबाट अलग भएमा उक्त पदमा वैकल्पिक उम्मेदवारको सूचिबाटमाथिल्लो स्थानमा रहेको उम्मेदवार वा नयाँ छनोट प्रकृयाद्धारा छनोट गर्न सकिनेछ ।

)क( महाशिला विकास स्वयंसेवकले गाउँकार्यपालिकाले तोकेको घरमा गर्नुपर्ने रोजगारी सृजनशिलताको क्षेत्र मध्ये कुनै एक क्षेत्र रोज्नु पर्ने छ ।

१३ .विविध :

(क) यससेवा तथा सर्त संवन्धमा अन्य आवश्यक विषयमा यस ऐन वमोजिम वनेको कार्यविधि तथा नियमावलिमा उल्लेख भए वमोजिम हुनेछ ।
(ख) गाउँ सभावाट यस ऐनको परिमार्जन, शसोधन र थपधट गर्न सकिने छ ।

**आज्ञाले,**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकिय अधिकृत**